स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




लभस्टोरी फिल्म निर्देशनमा सफल मानिएका सुदर्शन थापाले फिल्म 'प्रेमगीत'को बेलादेखि अभिनेता अनमोल केसीसँग सहकार्यको प्रयास गरेका थिए । करिब ७ वर्षपछि उनीहरुबीच सहकार्य सम्भव भएको छ । 'रावायण' नाममा बन्न लागेको फिल्ममा सुदर्शनले अनमोललाई निर्देशन गर्ने भएका छन् । आगामी भदौदेखि छायांकन सुरु हुन लागेको फिल्मको निर्माण सुदर्शन आफैंले गर्नेछन् । एक्सन-लभस्टोरी कथामा बन्न लागेको फिल्ममा पहिलो पटक अनमोल दोहोरो भूमिकामा देखिँदैछन् ।

**आजको विचार...**



डायस्पोरामा... (दुई पेजमा)

राजेन्द्र पन्थी



गायिका अञ्जु पन्तको नयाँ गीत 'तिम्रो सुन्दर रुप'का शब्दहरु हुन् यी । गायनमा उनलाई रञ्जन राईले साथ दिएका छन् । गीतका शब्द अञ्जुकै श्रीमान् थिर कोइरालाले कोरेका हुन् भने संगीत नवीन कार्कीले भरेका छन् । गीतमा विशाल निरौलाको संगीत संयोजन छ । 'अञ्जु पन्त अफिसियल' युट्युब च्यानलबाट सार्वजनिक गीतमा प्रेमभाव व्यक्त गरिएको छ । गीतको भिडियोलाई विक्रम चौहानले कोरियोग्राफी तथा निर्देशन गरेका छन् । भिडियोमा परितोषिका पन्त र विक्रम बुढाथोकी फिचर्ड छन् । परितोषिका अञ्जुकी छोरीसमेत हुन् ।


❒ वर्ष २९ ❒ अंक १४ ❒ २०८० साउन १४ गते आइतबार 30 July 2023, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-


# सिद्धबाबा सुरुङमार्ग : पहिरोले क्षति काम रोकियो

रामचन्द्र रायमाझी

**पाल्पा,** साउन १३/ सिद्धबाबा सडक खण्डामा सुरुङ्गमार्ग निर्माणको कामले गति लिइरेहका बेला निरन्तर गएको पहिरोका कारण अवरोध सिर्जना गरेको छ । केही दिनदेखिको परेको अविरल वर्षासँगै खसेको पहिरोले निर्माणधिन सुरुङमार्गको उत्तर र दक्षिणतर्फको प्रवेशद्वारमा अवरोध सिर्जना गरेको हो ।

एक हप्ता अघि दक्षिण सिद्धबाबा मन्दिरतर्फको सुरुङ प्रवेशविन्दु रिप पोर्टल पहिरोले पुरेको थियो । त्यस यता पटक-पटक गएको पहिरोले उत्तरतर्फको प्रवेशविन्दुमा समेत क्षति पुऱ्याएको छ । दक्षिणतर्फको प्रवेशद्वार पहिरोले भत्काएको छ भने उत्तरतर्फको प्रवेशद्वार पहिरोले पुरिएको सिद्धबाबा सुरुङमार्ग योजना कार्यालयकी इन्जिनियर सविता ज्ञवालीले बताईन् ।



उत्तरतर्फकोमा ५० मिटर माथिबाट ठूलो चट्टानसहित पहिरो खसेर ढोकालाई क्षति पुऱ्याएको देखिन्छ । दुवैतर्फको प्रवेश मार्गमा पहिरोले क्षति पुऱ्याएकाले काम रोकिएको इन्जिनियर ज्ञवालीले बताईन् । पानी पर्नासाथ पुन: पहिरो खस्न सक्ने जोखिम रहेको उनको भनाई छ । बर्खाको समय भएकाले नेपाली प्राविधिकरुले ढलान गर्न नहुने भने पनि परियोजनाले एक हप्ता पहिले नै प्रवेश द्वारको ढलान गरेको थियो । 'ठेकेदार कम्पनीलाई वर्षा लागिसकेकाले पहिले नै काम नगर्न भनेका थियौं , तर उहाँहरुले काम गरेपछि अहिले यस्तो अवस्था भयो' इन्जिनियर ज्ञवालीले भनिन् । पहिरोका कारण सुरुङमार्गमा क्षति पुगेको भए पनि यकिन विवरण भने आएको छैन । चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले ७ अर्ब ३४ करोड २१ लाख रुपैयाँमा सुरुङमार्गको काम अगाडि बढाएको थियो । एक हजार एक सय २६ मिटर दूरी रहेको सुरुङमार्गको काम तीब्रगतिमा अगाडि बढिरहेका बेला पहिरोले दुवै प्रवेशबिन्दुमा क्षति पुगेको छ । स्विस एजेन्सी फर डेभलपमेन्ट एन्ड कर्पोरेसन (एसडीसी) ले गरेको अध्ययन प्रतिवेदनअनुसार नै काम अघि बढेको सडक विभागले जनाएको छ । सिद्धबाबा सुरुङमार्ग ५ वर्षभित्र बन्ने गरी ठेक्का लागे पनि एक वर्ष बढी म्याद गुज्रिसकेको छ । सम्झौता अनुरूप काम भए चार वर्षमा सिद्धबाबामा सुरुङ मार्ग बन्ने छ । सुरुङमार्गको आकार लिइसकेको अवस्थामा पहिरोले बगाएपछि निर्माणमा ढिलाई हुने आशंका गरिएको छ ।

## सक्षिप्त समाचार

### अझै केही दिन वर्षा



**पाल्पा साउन १३**/अझै केही दिन वर्षाको सम्भावना रहेको जनाइएको छ । अहिले देशभर मनसुनी वर्षा भइरहेकोले त्यो समय अझै केही दिने रहने छ । मुलुकमा मनसुनी वायुको आंशिक प्रभाव रहनुका साथै मनसुनको न्यून चापीय रेखा सरदर स्थानको दक्षिणतर्फ अवस्थित रहेकाले देशका आधिकांश स्थानमा वर्षा भइरहेको हो । जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाका अनुसार उक्त मौसमी प्रणालीको प्रभावले अझै केही दिन निरन्तर वर्षाको सम्भावना छ । देशका धेरैजसो स्थानमा आगामी दुई/तीन दिन निरन्तर वर्षाको सम्भावना रहेको छ । नेपालमा मनसुन गत वर्ष जेठ ३१ गतेदेखि प्रवेश गरे पनि देशभर फैलिन झण्डै दुई साता लागेको थियो ।






# वार्षिक कार्ययोजना बनाउँदै प्रेस युनियन पाल्पा

**पाल्पा,** साउन १३/जिल्लाका प्रजातान्त्रिक पत्रकारहरुको साझा संस्था नेपाल प्रेस युनियन पाल्पा शाखाले वार्षिक कार्ययोजना बनाएर अगाडि बढ्ने भएको छ । युनियनको शनिबार बसेको कार्यसमिति र सल्लाहकारको बैंठकले गतिविधिहरुलाई थप व्यवस्थित गर्दै संगठन चलायमान बनाउन वार्षिक कार्ययोजना बनाएर आगाडि बढ्ने निर्णय गरेको हो ।

बैंठकले युनियनलाई आर्थिक रुपमा मजबुत बनाउनेदेखि संगठन चलायमान बनाउन वार्षिक कार्ययोजना बनाउने निर्णय गरेको छ । उसले जिल्लाका १० वटै स्थानीय तहमा घुम्ती बैंठक सञ्चालन गर्ने, पत्रकारहरुको क्षमता अभिवृद्धिका तालिम सञ्चालन गर्ने, श्रमजीवी बुलेटीनलाई निरन्तरता दिने, महिला विभाग गठन तथा परिचालन गर्ने, पत्रकार भेटघाट तथा अन्तर्क्रिया गर्ने, स्थानीय सरकारसँग छलफल तथा अन्तर्क्रिया गर्ने, मासिक रुपमा बैंठक बस्ने, अतिथिहरुहरुलाई कार्यालयमा स्वागतसँगै छलफल, अन्तर्क्रिया गर्ने, भ्रमण तथा बनभोजन कार्यक्रम गर्ने, सदस्यता विस्तारलाई निरन्तरता दिने, पत्रकार कल्याणकोषको कार्यविधि बनाई कार्यान्वयन गर्ने, भित्तेपात्रो प्रकाशन गर्ने, प्रेस युनियनको स्थापना दिवस,साधारण सभा, वीपी स्मृति, वीपी जयन्ती जस्ता कार्यक्रम गर्ने वार्षिक कार्ययोजनामा समावेश गरेको छ । बैंठकले श्रमजीवी पत्रकारको सामाजिक सुरक्षाका लागि



'नेपाल प्रेस युनियन कल्याणकारी कोष' स्थापना र सञ्चालनका लागि कार्यविधि निर्माण गर्ने निर्णय पनि गरेको छ । कार्यविधि निर्माणका लागि युनियनका सल्लाहकार तथा केन्द्रीय उपाध्यक्ष माधव अर्यालको संयोजकत्वमा चार सदस्यीय समिति समेत गठन गरिएको छ । जसको सदस्यमा युनियनका सल्लाहकार प्रकाश नेपाल, कविराज नेपाल र कोषाध्यक्ष दिपक भट्टराई रहेका छन् । बैंठकले सदस्य मीना कुमालको संयोजकत्वमा महिला विभाग गठन गर्ने निर्णय समेत गरेको छ । युनियनलाई थप चलायमान र सशक्त बनाएर लैजान आफुहरु सक्रिय भएर लागेको युनियनकी जिल्ला अध्यक्ष मन गहिरेले बताईन् । उनले युनियनका गतिविधहरुलाई थप व्यवस्थित र गतिशिलता प्रदान गर्न वार्षिक कार्ययोजना नै बनाएर अगाडि बढ्न लागिएको जानकारी गराईन् । युनियनका केन्द्रीय उपाध्यक्ष माधव अर्यालले पाल्पा शाखाले वार्षिक कार्ययोजना बनाएर अगाडि बढ्ने जुन जमर्को गरेको छ, त्यो प्रशंसनिय रहेको बताए । उनले पदीय जिम्मेवारीमा बसेकाहरुले जिम्मेवारीपूर्वक काम गरे संगठन बलियो हुने धारणा व्यक्त गरे । युनियनका निवर्तमान अध्यक्ष तथा सल्लाहकार भरत शर्माले युनियनलाई बलियो बनाउन सबै सदस्यहरु एक भएर अगाडि बढ्नुपर्ने बताए । बैंठकमा युनियनका सल्लाहकारहरु प्रकाश नेपाल, कविराज नेपाल, शंकर भण्डारी लगायतले युनियनमा पत्रकारहरुले प्रतिशोधको भावना नराखी आ-आफ्नो ठाउँबाट जिम्मेवारीपूर्व काम गर्न सके युनियन भएको अनूभूत हुने बताए । बैंठकमा युनियनका उपाध्यक्ष तथा श्रमजीवी बुलेटीनका प्रधान सम्पादक रामचन्द्र रायमाझीले श्रमजीवी बुलेटीन प्रकाशनमा सहयोग पुऱ्याउनेहरुप्रति आभार व्यक्त गर्दै आगामी अंकहरुमा समेत सबैको सहयोग र साथ आवश्यक रहेको बताए । कोषाध्यक्ष दीपक भट्टराईले कार्यालयको आर्थिक अवस्थाको बारेमा जानकारी गराउँदै संस्थालाई बलियो र चलयमान बनाउन आर्थिक रुपमा सक्षम हुन आवश्यक रहेको धारणा व्यक्त गरे ।

-...बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## मानव बेचबिखन विरुद्ध दिवसको सार्थकता

अन्तर्राष्ट्रिय मानव बेचबिखन विरुद्ध दिवस आज विभिन्न चेतनामुलक कार्यक्रमको आयोजना गरी मनाइँदैछ । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने उद्देश्यका साथ २०६३ सालदेखि नेपालले यो दिवस मनाउँदै आएको हो । दिवसमा विशेष गरी बेचिएका चेलीबेटीको उद्दार, बेचबिखनबाट जोगाउन चाल्नुपर्ने कदम लगायतका विषयमा चेतनामुलक कार्यक्रम हुने गर्दछन्, तर यी कार्यक्रमहरु त्यत्ति प्रभावकारी हुन सकिरहेका छैनन् । मानव बेचबिखन एक अपराध हो जसले महिला, बालबालिका र पुरुषहरूलाई जबरजस्ती श्रम र यौन लगायतका धेरै उद्देश्यका लागि शोषण गर्दछ । यस्तो शोषण गर्ने कार्य अझै पनि रोकिएको छैन् ।

नेपालमा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धित ऐन, नियम बनेको छ तर, उक्त ऐन तथा नियमको उचित कार्यान्वयन नुहँदा मानव बेचबिखन विरुद्धको काम पूर्ण रुपमा सफल हुन सकेको छैन् । वैदेशिक रोजगारीको आडमा मानव बेचबिखनको धन्दा अहिले पनि उत्तिकै फस्टाइरहेको छ । वैदेशिक रोजगारीमा जाँदा अनिवार्य श्रम स्वीकृति लिनुपर्छ तर, श्रम स्वीकृति विना धेरै मानिसहरु अहिले पनि बेचबिखनको फन्दामा परेर खाडी लगायत मुलुकमा घरेलु कामदारका रूपमा बेचिइरहेका छन् । वैदेशिक रोजगारीका नाममा महिलालाई विभिन्न मुलुकमा तस्करी गर्ने संयन्त्र गाउँसम्मै फैलिएको छ । हिजो गाउँका सोझा, अशिक्षित र आर्थिक स्थिति कमजोर भएका महिलालाई झुक्याएर कोठीहरूमा लगेर बेचिन्थ्यो भने अहिले वैदेशिक रोजगारीका नाममा झुक्याएर मानव बेचबिखनको काम भइरहेको छ । दलालहरूले विभिन्न प्रलोभनमा पारेर कुवेत, ओमन, यूएई, कतार, साउदी अरेबिया जस्ता देशहरूमा घरेलु कामदारमा पठाइरहेका छन् । तस्कर, दलालहरू वैदेशिक रोजगारको आवरणमा खुल्लमखुला भारतको बाटोहुँदै खाडी मुलुकहरूमा बेचबिखन गर्ने काममा सक्रिय छन्, तर यसतर्फ कसैको पनि ध्यान जान सकेको छैन् । सरकारले यस कार्यलाई नियन्त्रण गर्नका लागि अनेकौ उपायहरूको अवलम्वन गरे पनि अपेक्षित रुपमा रोक्न सकिराखेको छैन । अवैध मार्गबाट अनेकौ बहानामा वेश्यावृत्तिका लागि नै चेलीबेटी बेचिनु कुनै पनि दृष्टिकोणले उचित मान्न सकिदैन । सीमा सुरक्षामा प्रभावकारी जाँच नहुनु कानुनको कार्यान्वयन नहुनु, कारवाही फितलो हुनु, कारवाही पनि पहुँचको आधारमा गरिनु जस्ता गलत प्रवृत्तिले गर्दा यो समस्या जटिल बन्दै गएको देखिन्छ । यस्ता गलत काम गर्नेहरुलाई कारवाहीको दायरामा नल्याएसम्म मानव बेचबिखन रोकिदैन र मानव बेचबिखन विरुद्धको दिवसले समेत सार्थकता प्राप्त गर्दैन । यसर्थ यस्ता कदमका विरुद्ध सरकारी तवरबाट सशक्त ढंगले लाग्न जरुरी छ ।

### Opinion @ Social Network

केही नखाइकन कसले काम गर्छ र यहाँ !!
तिम्रो मायाले पनि त मेरो मुटु खाएको छ ।
*(नविन गिरीको फेसबुक स्टाटस https://www.facebook.com/nabin.giri.79)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# डायस्पोरामा नेपाल चिन्तन



## राजेन्द्र पन्थी

गत सप्ताहन्तमा काका काकीको निमन्त्रणालाई स्वीकार्दै उहाँहरूकी छोरीको जन्मोत्सव कार्यक्रममा सहभागी हुन पाइएको थियो । उक्त जन्मोत्सव कार्यक्रममा करिब एक सय जना जति प्रवासी नेपालीहरू उपस्थित भएका थियौं । उक्त कार्यक्रममा निमन्त्रित पाहुनालाई असाध्यै राम्रो सत्कार गरिएको थियो । उहाँको घर नजिकै रहेको सामुदायिक पार्कमा आयोजना गरिएको उक्त जन्मोत्सव कार्यक्रमको जमघट र उपस्थितिलाई हेर्दा हामी अमेरिका होइन नेपालकै एक पार्कमा भएजस्तो अनुभूति भएको थियो । एकापसमा गरिएका कुराकानीदेखि लिएर खानपिन, पहिरन, लवज सबैमा नेपालीपन, स्वाद, परम्परा, संस्कार, संस्कृति नै थियो । काकाकाकीले आफ्ना पाहुनाहरूलाई दिउँसो र साँझको स्वादिष्ट किसिमका नेपाली परिकारहरू खुवाउन मेहनतका साथ व्यवस्थापन गर्नुभएको थियो ।

हामी उपस्थित पाहुनाले काकाकाकीलाई धन्यवाद व्यक्त गर्यौं । करिब मध्यान्ह १२ बजेदेखि शुरु भएको उक्त जन्मोत्सव कार्यक्रम राति ८ बजे समापन भएको थियो । छोरीको जन्मोत्सव हुनाले उनलाई सुस्वास्थ्य र दीर्घायुको कामना दियौं । यो कार्यक्रममा भएका गतिविधि, नेपालीपन, व्यक्त विचार, पहिरन, बोली, व्यवहार, सत्कार, आतिथ्य आदि क्रियाकलापले मेरो मनमा नेपाल, नेपाली, नेपालको समृद्धि, प्रवासी नेपालीहरूका चिन्ता आदि बारेमा धेरै विचार मनमा उठे । यसैलाई नै एउटा प्रतिनिधि घटना र पृष्ठभूमिमा राखेर नेपाल र नेपालीको आशा र नेपाली डायस्पोराको चिन्ता र चिन्तनलाई यहाँ समेट्न प्रयास गरेको छु । उक्त कार्यक्रममा तीन पुस्ताहरू हजुरबुवा आमा, छोराछोरी र नातिनातिनाको उपस्थिति रहेको थियो । तीनै पुस्ताको संख्या लगभग बराबर नै थियो । छोराछोरी यहाँ आएको हुनाले यतै भेट्न, घुम्न र बस्न आएका हजुरबुबाआमा, पढ्न वा रोजगारीका लागि आएका स्वयं छोराछोरी र यतै जन्मिएका र हुर्किंदै गरेका साना बालबालिका नाति नातिनाहरू थिए । एउटा पुस्ता प्रवासी हुँदा तीन पुस्ता प्रवासीएको चित्र त्यहाँ देखिन्थ्यो । ती तीन पुस्तामा पहिलो पुस्ता र दोस्रो पुस्ताका बीचका कुराकानीमा नेपालकै सम्झना ज्यादा गरेको पाइयो । सामान्यतया अमेरिका र नेपालको नियम, विकास, राजनीति संस्कार, संस्कृति आदिका बारेमा धेरै कुराहरूमा तुलना भए र गरिए । नेपालका कमीकमजोरीका बारेमा आलोचना गरियो । नेपाल छोटो समयमै समृद्ध मुलुक बन्न सक्ने सम्भावनाका तरिकाहरूबारे छलफल भए । विदेशी हुनुको बाध्यताका बारेमा थुप्रै कारणहरू केलाइए र नेपालको प्रगति र समृद्धि हुन नसक्नुमा सबैको एउटै निष्कर्ष थियो - नेपालको राजनीतिक अस्थिरता र भ्रष्टाचार । विश्वको सबैभन्दा धनी, विकसित र सर्वशक्तिमान मुलुकमा पढ्न आउनु र घुम्न आउनु स्वभाविकै हुन सक्ने भए पनि जीवन जिउनै आउनुमा रहर नभएर बाध्यता नै हो भन्ने निष्कर्ष थियो । यहाँ रहेका तेस्रो पुस्तालाई म नेपाली हुँ भन्ने भए पनि नेपालीपन वा नेपाली भाषा र नेपाली संस्कृतिप्रति खासै चासो देखिएन । तिनीहरूले अभिभावकको दवावमा नेपाली भाषा बोल्न खोजे पनि अत्यन्तै गाह्रो मान्थे । अनि लेखन, बोलन र सबै किसिमका क्रियाकलाप गर्न अङ्ग्रेजी भाषा नै सहज ठान्थे । बच्चाबच्चीले सामान्य नेपाली भाषा बुझे पनि फर्काउन सक्दैनथे । छोराछोरी विदेशीनु पर्दा हजुरबुबाआमा र नातिनातिना तीन पुस्ता नै विदेशी हुन परेको यथार्थ र प्रतिनिधिमूलक चित्र यहाँ देखिन्थ्यो ।

हजुरबुबाआमालाई अमेरिकाको बसाइँ बारेमा सोधेको जिज्ञासामा उहाँहरूले नेपाल नै राम्रो छ भन्नुहुन्थ्यो । के गर्नू नेताले देश सके, नेपालमा रोजगार छैन, कानूनी राज्य बन्न सकेन । युवाको भविष्य नै अन्धकार छ । सबै नेपाली विदेशीएर सकिने भए । विकल्प केही छैन, अब त बूढाबूढीसमेत विदेशीन बाध्य भइयो भनेर चिन्ता व्यक्त गर्नुभएको थियो । हुन पनि आजको वास्तविक नेपालको यथार्थ अवस्था पनि यही हुन पुगेको देखिन्छ । आजको नेपालको यो वास्तविक चित्रलाई उजागर गर्न खोज्दा अत्यन्तै चिन्ता र दु:ख लाग्छ । आज जनसंख्याको करिब एक तृतीयांश विदेशीएका छन् भने देशको कुल बजेटको करिब दुई तिहाई रेमिट्यान्सबाट धानिएको देखिन्छ । देशमा भएको दक्ष जनशक्तिलाई बाहिर पठाउने र तिनीहरूले पठाएको रेमिट्यान्सबाट देश चलाउने गरेको देखिन्छ । देश कहिले बन्ने हो र कहिलेसम्म पर्खने हो भन्ने सबैमा कौतुहलता, जिज्ञासा, आवेग र आक्रोश देखिन्छ । प्रजातन्त्र पुन: बहाली भएको ३४ वर्ष हुँदा पनि राजनीतिक अस्थिरताले जरा गाडिरहेको छ ।

राजनीतिक नेतृत्वले आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्न देशलाई राजनीतिक अस्थिरतामा फसाइरहेको छ । संविधानसभाले ८ वर्ष लगाएर बनाएको २०७२ सालको संविधानमा देशलाई समाजवाद उन्मुख बनाउने भनेर जनताका धेरै मौलिक अधिकारहरू लेखिए पनि ती व्यवहारमा कार्यान्वयन हुन सकेनन् । देशमा व्यवस्था परिवर्तन भयो, नयाँ संविधान बनाइयो । तर जनताका अवस्थामा परिवर्तन हुन सकेन । देशका मूल राजनीतिक दलहरूले देशको विकास कसरी गर्ने भन्ने भन्दा पनि कसरी आफू सत्तामा टिकिरहने हो भन्ने कुरालाई प्राथमिकता दिनाले नै आज देश बर्बादीतिर धकेलिएको देखिन्छ । केही वर्ष पहिले विद्यार्थीहरू छात्रवृत्तिमा पीएचडी गर्न मात्र विदेश जाने रहर र लहर थियो । ती विदेशमा उच्चशिक्षा हासिल गरेका अधिकांश नेपाली विज्ञहरूले नेपालमा आफ्नो भविष्य केही छैन भनेर फर्केनन् । तिनीहरूको सिको गर्दै अहिले यो विस्तारै विद्यालय तहमा पुगेको छ । अहिले दश कक्षा पढ्ने विद्यार्थीहरूले विदेशको सपना बुन्दैछन् भने कक्षा १२ उत्तीर्ण गरेका विद्यार्थीहरूले नेपालमा बसेर आफ्नो भविष्य उज्ज्वल छैन भन्दै विदेशीएका छन् । राज्य मौन बसी यही तरिकाले र यही रफ्तारमा नेपालीहरूलाई विदेश पठाउने हो र जान दिने हो भने केही वर्षमा नेपालका कलेज बन्द हुने र अबको १५-२० वर्षमा नेपालमा भन्दा विदेशमा नेपालीको जनसंख्या ज्यादा हुने देखिन्छ । नेपालको पछिल्लो एक तथ्यांक अनुसार वर्षमा करिब एक लाख बढीले वैदेशिक अध्ययन अनुमति पत्र (एनओसी) लिएको देखिन्छ । उच्च शिक्षामा गुणस्तर नहुनु र अध्ययन सकेपछि पनि रोजगार पाउन गाह्रो हुनुका कारण नै आज विद्यार्थीहरूको शैक्षिक गन्तव्य अष्ट्रेलिया, क्यानाडा, युरोप, अमेरिका, जापान आदि देश भएका छन् । आज नेपालको शिक्षामा विश्वास र गुणस्तरीयता नहुँदा विद्यार्थीसहित नेपालको रुपैयाँ पनि विदेशीएको छ । राष्ट्र बैंकको एक तथ्यांकअनुसार आव २०७९-८० को ११ महिनामा ७९ अर्ब १८ करोड रुपैयाँ बाहिरिएको छ । यसरी नेपालको रुपैयाँ बाहिरिँदा यसले प्रत्यक्ष रुपमा नेपालको अर्थतन्त्रमासमेत ठूलो प्रभाव पुर्याएको देखिन्छ ।

उच्चशिक्षाको लागि बाहिर गएका विद्यार्थी फर्कने सम्भावना नै छैन । विदेशीएका विद्यार्थीहरूको एउटै प्रश्न छ - नेपाल फर्केर के गर्नू ? राजनीतिक नेतृत्वमा दीर्घकालीन सोच र इमानदारी नहुँदा आज नेपालीहरू बाध्य भएर विदेशीनु परेको छ र अब नेपाल फर्केर के गर्नू भनी बाध्य भएर विदेश नै बस्नु परेको छ । आज राज्य अत्यन्तै कमजोर हुन पुगेको छ । राज्यका सम्पूर्ण अङ्गहरू भ्रष्टाचारमा चुर्लुम्म डुबेका छन् । राजनीतिक दलहरूमा देशको समृद्धिका बारेमा कुनै चिन्ता र चिन्तन नै छैन । राज्यका प्राय: सम्पूर्ण संयन्त्रहरू निष्प्रभावी भएका छन् । विद्यालयदेखि विश्व विद्यालयसम्मका पाठ्क्रम, पाठ्यपुस्तक, शिक्षण सिकाइ क्रियाकलाप, मूल्यांकन विधि र परीक्षा प्रणालीको गुणस्तरीयका सवालमा अनेकौं प्रश्नहरू उठिरहेका छन् । शिक्षा मन्त्रालयले शिक्षामा देखिएका कमीकमजोरीलाई सुधार्न पटक्कै ध्यान दिँदैन । राज्यको स्थायी सरकार मानिने कर्मचारी प्रशासन काम नै गर्न नसक्ने भइ झन् भ्रष्टाचारमा चुर्लुम्म डुबेको छ । कर्मचारी प्रशासनमा रहेको केन्द्रीय निकाय नै नेपालीलाई नक्कली भुटानी बनाइ बेच्ने संगठित अपराधमा संलग्न भएको देखिन्छ । जनताका प्रतिनिधि मानिने मन्त्री र सांसदहरू ठगी र तस्करी गर्दै हिँडेका छन् । न्यायपालिकाले न्यायको आँखाले निसाफ दिन सकेको छैन । न्यायपालिकामा मुद्दा फैसला गर्ने सवालमा राजनीति घुसपैठ र करोडौंको बार्गेनिङ हुन्छ । यस्तो अवस्थामा देश कसरी बन्छ र अगाडि बढ्न सक्छ ? अब गर्ने कसले र कसरी हो ? आज यस्ता तमाम प्रश्नहरू नेपाली सामु तेर्सिएका छन् । यिनीहरूको उत्तर खोजिनु र समृद्ध नेपाल बनाउन सपना देख्नु आजको प्रमुख आवश्यकता हो । नेपालमा थुप्रै समस्या छन् । ती समस्याका समाधानका उपायहरू पनि छन् । विगत ३४ वर्षमा केही नै नभएको भन्ने होइन तर जे अहिलेसम्म हुनुपर्ने थियो त्यो हुन नसकेको हो । विश्वमा थोरै समयमा नै समृद्ध र विकसित मुलुक बन्न सकेका थुप्रै देशहरू छन् । देश बनाउनको लागि राजनीतिक नेतृत्वमा नै योजना, इमानदारी र दृढ इच्छाशक्ति नै चाहिन्छ । विचार र सिद्धान्तका गफ गरेर देश बन्दैन । ती विचार र सिद्धान्तलाई व्यवहारमा उतार्नुपर्छ । राजनीतिक दलले सत्ताभन्दा देशलाई माथि राख्नुपर्छ ।

थोत्रा भाषण गरेर र एक अर्कालाई तथानाम गाली गरेर देश बन्न सक्दैन । निश्चित उद्धेश्यका साथ सबै एक मन भएर हातमा हात र काँधमा काँध मिलाएर काम गर्ने हो भने नेपालमा विकास छिट्टै हुन्छ । नेपाल प्राकृतिक रुपले अत्यन्तै सुन्दर देश हो । शान्ति, सुन्दरता, संस्कृति, सभ्यता, भाषा, धर्म, सगरमाथा, लुम्बिनी, पशुपति, जनकपुर आदि हाम्रा अन्तर्राष्ट्रिय पहिचान हुन् । यिनैलाई आधार बनाएर नेपालमा पर्यटन प्रवर्द्धन र उद्योगहरू खोल्न सकिन्छ । नेपाललाई कृषिप्रधान देश भनिन्छ । कृषिलाई समयसापेक्ष आधुनिकीकरण र व्यावसायीकरण गर्न सक्ने हो भने नेपालका हिमाल, पहाड र तराईमा विभिन्न किसिमका फलफूल, जडिबुटी र कृषि उत्पादन गरी सुन नै फलाउन सकिन्छ । कृषि उत्पादनलाई निर्यात गरी आम्दानी बढाउन सकिन्छ । राज्यले बेरोजगार जनशक्तिलाई कृषि, उद्योग, पर्यटन आदि क्षेत्रमा लगाई आम्दानी बढाउन प्रेरित गर्ने हो भने जीवन जिउनकै लागि विदेशीनु पर्दैन । राजनीतिलाई स्वच्छ र स्वस्थ बनाउनुपर्छ । समाजसेवाको भावना भएको र इमानदार व्यक्तिमात्र राजनीतिमा लाग्नुपर्छ । अहिलेको यो झोले र टीके प्रणालीलाई अन्त्य गर्नुपर्छ र अहिलेका राजनीतिक कार्यकर्ता भनिएकालाई काममा लगाउनु पर्छ । गफ गरेर र कसैको झोले र चम्चे बनेर देश बन्दैन । देश बनाउन सम्पूर्ण जनशक्ति काममा लाग्नुपर्छ । अहिले रहेको विकराल भ्रष्टाचार अन्त्य गर्न एउटा अधिकार सम्पन्न स्वतन्त्र र निष्पक्ष आयोग बनाइ जो कोही सबैको सम्पत्ति छानबिन गर्नुपर्छ । प्रयोगबाट अयोग्य र असफल भएको अहिलेको राजनीतिक वा प्रशासनिक नेतृत्वलाई सदाका लागि बिदा गर्नुपर्छ । अबको विकल्प भनेको नयाँ नेतृत्व एउटा हुटहुटी र सङ्कल्पका साथ मैदानमा उत्रिनु पर्छ । समय धेरै अगाडि बढेको छ । अब पर्खिने र हेर्ने समय नै छैन । नेपालको आर्थिक अवस्था अत्यन्तै चिन्ताजनक देखिन्छ । हाम्रो आशा यत्ति हो कि स्वदेशमा रहेका नेपालीलाई बाँच्नकै लागि विदेशमा जान नपरोस् र विदेशमा रहेका नेपालीहरू रोजगारीका लागि स्वदेशमा नै फर्किन पाइयोस् ।

**-हाम्राकुरा डटकम**

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : पेसा व्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ । | **तुला** : रमाइलो यात्रा गर्ने अवसर छ । परिवारजनको साथले आशा पलाउनेछ । |
| **वृष** : बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको काम सम्पादन हुन सक्छ । | **वृश्चिक** : परिश्रमको उपलब्धि राम्रै पाइनेछ । कामले तीव्रता लिनेछ । |
| **मिथुन** : प्रतिस्पर्धामा सफलता मिल्छ । अधुरा कामहरु पूरा हुनसक्छ । | **धनु** : नोकरी गर्नेले सम्मान पाउने छन् । छोटो यात्राको सम्भावना छ । |
| **कर्कट** : रोकिएका काम सुरु हुन सक्छ । न्यायिक कार्यमा सफलता मिल्नेछ । | **मकर** : हाँसखेल र मनोरञ्जन पूर्ण समय छ । पारिवारिक सुख मिल्नेछ । |
| **सिंह** : विचार पुऱ्याएर निर्णय लिनुपर्छ । मनमा दोधारको अवस्था सिर्जना हुनसक्छ । | **कुम्भ** : रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । |
| **कन्या** : काममा सफलता हुनेछ । यात्रामा सावधानी अपनाउनु पर्नेछ । | **मीन** : व्यवसायीको रमाइलो यात्राको योग छ । अतिथिको रूपमा सत्कार पाइएला । |

# कृषि


## सडक भत्किँदा उत्पादित तरकारी खेतमै कुहिँदै



दार्चुलाको व्यास र सदरमुकाम खलङ्गासम्म जोड्ने एकमात्र सडक खलङ्गा–तिङ्कर सडक बन्द हुँदा किसानले उत्पादन गरेको तरकारी खेतमै कुहिन थालेको छ ।

असार दोस्रो सातादेखि वर्षाका कारण अवरुद्ध सो सडक खण्डका विभिन्न ठाउँमा पहिरो खस्दा सडक बन्द भएको हो । सडक बन्द भएपछि व्यासमा उत्पादित आलु ढुवानी गर्न नसकिँदा खेतबारीमै कुहिन थालेको कृषक हरिश धामीले बताए । व्यास गाउँपालिकाको कृषि विकास शाखाको आर्थिक तथा प्राविधिक सहयोगमा उत्पादन गरिएको कृषि उत्पादन खेतबारीमा कुहिन थालेपछि किसान चिन्तित भएका छन् । सरकारले उत्पादनमा मात्रै लगानी गरेर नहुने भन्दै उत्पादित कृषिउपजको ढुवानीमा समेत सहयोग गर्नुपर्ने व्यासका कृषकको भनाइ छ । जनभावना साना किसान कृषि सहकारी संस्था लिमिटेडले उत्पादन गरेको आलु खेतबारीमै कुहिन थालेको गाउँपालिकाको कृषि शाखाका प्रमुख विश्वेश्वरप्रसाद बडूले बताए । उनका अनुसार गाउँपालिका को आर्थिक तथा प्राविधिक सहयोगमा किसानले उत्पादन गरेको छ सय क्विन्टल आलु खेतबारीमा कुहिन थालेको छ । एक सय क्विन्टल आलु खेतबाट निकालेको तथा पाँच सय क्विन्टल आलु खेतबारीबाट निकाल्न बाँकी रहेको उनले जानकारी दिए । 'न त सडक छ, न त कोल्डस्टोर नै, व्यासका किसानले उत्पादन गरेको कृषिउपज दिनप्रति दिन खेतबारीमै कुहिँदै गएको छ', कृषक अकबरसिंह धामीले भने । बजारीकरणमा कृषि ज्ञान केन्द्र दार्चुलाले सहयोग गर्ने भने पनि सडक अवरुद्ध हुँदा कृषकले उत्पादन गरेकोआलु व्यासमै कुहिन थालेको छ । "हरेक वर्ष असारको सुरुआतमै सडक अवरुद्ध हुन्छ, कृषकले उत्पादन गरेको तरकारी खेतबारीमै कुहिन्छ, व्यासवासीको दुःख सम्झिने कोही छैन', अर्का किसान प्रमानन्द भट्टले भने ।-रासस

## बाली बीमाप्रति देखिएन किसानको आकर्षण



बाँदरका कारण बर्सेनि खेतीमा नोक्सानी खेप्दै आएका बागलुङका किसानको बाली बीमाप्रति भने आकर्षण देखिँदैन । वर्षा, हिमपात, असिना, हावाहुरी तथा जङ्गली जनवारले बालीमा क्षति भएको खण्डमा बीमा गरेपछि सो बापतको रकम उपलब्ध हुन्छ ।

बाँदरका कारण किसानको बालीमा बर्सेनि नोक्सानी भइरहन्छ तर नोक्सानीको भरणपोषणका लागि आवश्यक रहेको बाली बीमातर्फ भने यहाँका किसान आकर्षित नभएको पाइएको छ । कृषि ज्ञान केन्द्र बागलुङले बाली बीमा गर्नका लागि किसानलाई 'प्रिमियम रकम'समेत प्रदान गर्छ । बालीको सम्भावित क्षतितर्फ किसानको ध्यान नगएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

गत आवमा किसानलाई बाली बीमाको प्रिमियम भुक्तानीका लागि कृषि ज्ञान केन्द्रले दुई लाख ४० हजार रकम विनियोजन गरेको थियो । हजारौँ किसान रहेको बागलुङमा बाली बीमा कार्यक्रमबाट लाभान्वित हुने किसानको सङ्ख्या १३ जना रहेको कृषि ज्ञान केन्द्रको तथ्याङ्कमा उल्लेख छ ।

कृषि ज्ञान केन्द्रका प्रमुख भानुभक्त भट्टराईका अनुसार किसानले गरेको बाली बीमाका आधारमा केन्द्रले बीमाको प्रिमियम रकम प्रदान गर्ने भने पनि १३ किसानले २७ हजार प्रिमियम रकम लगेको बताए । 'कार्यक्रम हेर्दा सानो थियो तर यस्को प्रभावकारिता निकै ठूलो थियो, दुई लाख ४० हजारको बीमाले किसानको करोडौँ बालीको नोक्सानी व्यहोर्न सक्दथ्यो,' उनले भने, 'किसान बाली बीमा नै गर्न चाहदैनन् भन्ने हो, किसानलाई तत्कालैको नगदी अनुदान तथा उपकरण अनुदानमा आकर्षित छन्, बाँदरले पुऱ्याएको क्षतिको समेत बीमा भुक्तानी हुनेछ तर किसानले बाँदरको समस्या ल्याउनुहुन्छ तर बालीको बीमा गर्न मान्नु हुन्न ।' बाँदरलाई जङ्गली जनवारको क्षतिको रुपमा बीमा दाबी गर्न सकिने जनाउँदै बाली बीमा गर्न किसानलाई प्रोत्साहनस्वरुपको कार्यक्रम कार्यान्वयन भएपनि उनीहरु आकर्षित नभएको उनको भनाइ छ ।

भुक्तानी प्रक्रिया झन्झटिलो भएका कारण किसानले बीमा गर्नेतर्फ आकर्षित नभएको जिल्ला कृषि सहकारी सैका अध्यक्ष नरबहादुर थापाले जानकारी दिए । 'साना किसान बीमाको विषयमा जानकार नै छैनन्, तर ठूला कृषि फर्महरुले बीमा गरे पनि प्रिमियम शुल्क लिन कृषि ज्ञान केन्द्र नगएकासमेत हुनसक्छन्,' उनले भने, 'किसानको पेसासमेत जोखिममा छ, जोखिम न्यूनीकरण र क्षतिपूर्तिका लागि किसानले बीमा गर्न आवश्यक छ ।' बाली बीमाप्रति किसान आकर्षित नभएपनि पशु बीमामा भने किसान आकर्षित भइरहेको भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्र बागलुङका प्रमुख डा ऋषिराम सापकोटाले बताए । उनले पशुबाट बालीको भन्दा बढी क्षति हुने भएकाले किसान पशु बीमा गर्ने गरेका छन् । पशु बीमा गर्दा लाग्ने प्रिमियमको ८० प्रतिशत सैंय सरकारले छुट दिने गरेको छ भने दुई वर्षअघि गण्डकी प्रदेशले २० प्रतिशत थप गरेर शतप्रतिशत छुटमा बीमा गर्ने गरे पनि अहिले प्रदेश सरकारको कार्यक्रम भने नरहेका उनको भनाइ छ ।

-रासस

## ५१ करोडको कोदो भारतबाट आयात



मुलुकको पूर्वी पहाडी जिल्लामा कुनै बेला पर्याप्त मात्रामा उत्पादन हुने कोदो पछिल्लो समय भारतबाट आयात गर्ने गरिएको छ । युवा वैदेशिक रोजगारीमा जाने गरेका कारण गाउँमा खेत बाँझै छन् । यस्तोमा कोदोमा पनि हामी भारतमाथी नै निर्भर हुनुपर्ने अवस्था आएको हो ।

आर्थिक वर्ष २०७९/८० मा पूर्वीनाका काँकडभिट्टा भएर रु ५१ करोड ३१ लाख २० हजार बराबरको कोदो भारतबाट आयात भएको तथ्याङ्क छ। काँकडभिट्टा प्लान्ट क्वारेन्टिन कार्यालयका सूचना अधिकारी चन्द्रकिशोर ठाकुरका अनुसार सो अवधिमा १६ हजार ३५ मेट्रिक टन कोदो आयात गरिएको छ । यसैगरी गाउँघरमा फालाफाल उत्पादन हुने फर्सी नबिकेर किसानले गाईभैँसीलाई खोले पकाएर खुवाउने गरेको अवस्थामा त्यही फर्सी भारतबाट ठूलो मात्रामा आयात हुने गरेको छ। सूचना अधिकारी ठाकुरका अनुसार आर्थिक वर्ष २०७९/८० मा भारतबाट रु सात करोड ५७ लाख २८ हजार मूल्यको चार हजार सात सय ३३ मेट्रिक टन फर्सी आयात गरिएको छ । कोदो र फर्सीमात्र होइन फापर, खुर्सानी, घिरौला, लौका, करेला, तरुल, भिन्डी, सिमीलगायतका वस्तु भारतबाट आयात गर्ने गरिएको छ ।

गत आवमा रु १९ करोड ८३ लाखको १२ हजार तीन सय ९९ मेट्रिक टन हरियो खुर्सानी पूर्वीनाका हुँदै भारतबाट भित्रिएको छ । सोही अवधिमा रु ३१ करोड ९८ लाख बराबरको १९ हजार नौ सय ८८ मेट्रिक टन करेला, रु १८ करोड ७४ लाख ७२ हजारको ११ हजार सात सय १७ मेट्रिक टन भिन्डी र रु आठ करोड ९६ लाख ८० हजार बराबरको पाँच हजार छ सय पाँच मेट्रिक टन सिमी भारतबाट आयात गरिएको ठाकुरले जानकारी दिए । पूर्वीनाकाबाट सोही अवधिमा रु ८० करोड ९९ लाख ८४ हजारको २५ हजार तीन सय १२ मेट्रिक टन प्याज, रु ६० करोड ८१ लाख ६० हजार बराबरको ३८ हजार १० मेट्रिक टन गोलभैँडा, रु दुई करोड ७१ लाख ५२ हजारको एक हजार छ सय ९७ मेट्रिक टन घिरौला, रु चार करोड ९८ लाखको तीन हजार एक सय १३ मेट्रिक टन लौका, रु तीन करोड १० लाख बराबरको एक हजार नौ सय ३८ मेट्रिक टन तरुल र रु तीन करोड ४० लाख ९६ हजारको दुई हजार एक सय ३१ मेट्रिक टन सुठुनी भारतबाट आयात गरिएको तथ्याङ्क छ । सूचना अधिकारी ठाकुरका अनुसार गत आवमा रु ४४ लाख ८० हजारको एक सय १२ मेट्रिक टन फापर, रु छ करोड ६६ लाख ६६ हजार बराबरको दुई हजार ८३ मेट्रिक टन अम्बक र रु ३४ लाखको पानको पात भारतबाट आयात भएको छ। कार्यालयका अनुसार सोही अवधिमा रु १७ करोड ३१ लाख २० हजारको चार हजार तीन सय २८ मेट्रिक टन चामल र रु १७ करोड २८ लाख २४ हजार बराबरको सात हजार दुई सय एक मेट्रिक टन तरबुजा समेत भारतबाट आयात गरिएको छ । पूर्वीनाका काँकडभिट्टाबाट गत आवमा रु छ अर्ब २९ करोड ९१ लाख ४९ हजारको तरकारी र फलफूल आयात गरिएको छ। रु तीन अर्ब ३५ करोड नौ लाख ८१ हजारको ताजा तरकारी र रु दुई अर्ब ९४ करोड ८१ लाख ६८ हजारको फलफूल आयात गरिएको कार्यालयको तथ्याङ्कमा उल्लेख छ । भारतबाट आयातित तरकारीका कारण स्वदेशमा किसानले उत्पादन गर्दै आएको तरकारी बाली बजारमा बिक्री नभएको मेचीनगरको महालक्ष्मी कृषि सहकारी संस्थाका संस्थापक अध्यक्ष दुर्गा खतिवडाले बताए । संस्थाले जग्गा भाडामा लिएर सञ्चालन गरेको कृषि फार्ममा उत्पादन भएको भिन्डीले उचित बजारभाउ नपाएपछि घाटा सहेर अतिकम मूल्यमा बिचौलियालाई बेच्नुपरेको उनको भनाइ छ । इलाम नगरपालिका-१२ की तुलसा रायाले करिब एक ट्रक फर्सी बिक्री नभएपछि गाईवस्तुलाई खोले खुवाएको बताइन् ।-रासस

## स्थानीय फर्सी खोलेमा, भारतबाट सात करोडको आयात



पूर्वी पहाडी जिल्लामा फालाफाल उत्पादन हुने फर्सी नबिकेर किसानहरू गाईभैँसीलाई खोले पकाएर खुवाउँछन् तर त्यही फर्सी बजारमा भने भारतबाट ठूलो मात्रामा आयात हुने गरेको छ ।

काँकडभिट्टास्थित प्लान्ट क्वारेन्टिन कार्यालयका अनुसार आर्थिक वर्ष २०७९-८० मा भारतबाट रु सात करोड ५७ लाख २८ हजार मूल्यको चार हजार सात सय ३३ मेट्रिक टन फर्सी आयात भएको छ । फर्सीमात्र होइन, नेपालको हिमालीबाहेक मधेस र पहाडी जिल्लामा अत्यधिक उत्पादन हुने कोदो, फापर, खुर्सानी, घिरौला, लौका, करेला, तरुल, भिन्डी, सिमीलगायतका भान्सामा उपभोग हुने खाद्यवस्तु अपत्यारिलो मात्रामा भारतबाट आयात हुने गरेको पाइएको छ । आव २०७९-८० मा पूर्वीनाका काँकडभिट्टा भएर रु ५१ करोड ३१ लाख २० हजार मूल्य बराबरको१६ हजार ३५ मेट्रिक टन कोदो भारतबाट आयात भएको काँकडभिट्टा प्लान्ट क्वारेन्टिन कार्यालयका सूचना अधिकारी चन्द्रकिशोर ठाकुरले बताए । उनका अनुसार गत एक वर्षमा रु १९ करोड ८३ लाख ८४ हजार मूल्य बराबरको१२ हजार तीन सय ९९ मेट्रिक टन हरियो खुर्सानी पूर्वीनाका हुँदै भारतबाट भित्रिएको छ । सोही अवधिमा रु ३१ करोड ९८ लाख आठ हजार मूल्य बराबरको१९ हजार नौ सय ८८ मेट्रिक टन करेला, रु १८ करोड ७४ लाख ७२ हजार मूल्य बराबरको ११ हजार सात सय १७ मेट्रिक टन भिन्डी र रु आठ करोड ९६ लाख ८० हजार मूल्य बराबरको पाँच हजार छ सय पाँच मेट्रिक टन सिमी भारतबाट उक्त नाका हुँदै आयात भएको ठाकुरले जानकारी दिए । पूर्वीनाकाबाट सोही अवधिमा रु ८० करोड ९९ लाख ८४ हजार मूल्य बराबरको २५ हजार तीन सय १२ मेट्रिक टन प्याज, रु ६० करोड ८१ लाख ६० हजार मूल्य बराबरको ३८ हजार १० मेट्रिक टन गोलभैँडा, रु दुई करोड ७१ लाख ५२ हजार मूल्य बराबरको एक हजार छ सय ९७ मेट्रिक टन घिरौला, रु चार करोड ९८ लाख आठ हजार मूल्य बराबरको तीन हजार एक सय १३ मेट्रिक टन लौका, रु तीन करोड १० लाख आठ हजार मूल्य बराबरको एक हजार नौ सय ३८ मेट्रिक टन तरुल र रु तीन करोड ४० लाख ९६ हजार मूल्य बराबरको दुई हजार एक सय ३१ मेट्रिक टन सुठुनी भारतबाट आयात भएको तथ्याङ्कले देखाउँछ । भारतबाट मधेसदेखि हिमाली जिल्लासम्म उत्पादन हुने फापरसमेत भारतबाट ठूलो मात्रामा आयात हुने गरेको छ । सूचना अधिकारी ठाकुरका अनुसार एक वर्षमा रु ४४ लाख ८० हजार मूल्य बराबरको एक सय १२ मेट्रिक टन फापर, रु छ करोड ६६ लाख ६६ हजार मूल्य बराबरको दुई हजार ८३ मेट्रिक टन अम्बक र रु ३४ लाखको पानको पात भारतबाट आयात भएको छ । खाद्यान्नमा चामल र फलफूलमा तरबुजाको आयात उच्च मात्रामा भइरहेको छ । कार्यालयका अनुसार सोही अवधिमा रु १७ करोड ३१ लाख २० हजार मूल्य बराबरको चार हजार तीन सय २८ मेट्रिक टन चामल र रु १७ करोड २८ लाख २४ हजार मूल्य बराबरको सात हजार दुई सय एक मेट्रिक टन तरबुजा भारतबाट आयात भएको छ । पूर्वीनाका काँकडभिट्टाबाट विगत एक वर्षमा जम्मा रु छ अर्ब २९ करोड ९१ लाख ४९ हजारको तरकारी र फलफूल आयात भएको थियो । जसमा रु तीन अर्ब ३५ करोड नौ लाख ८१ हजार मूल्यको ताजा तरकारी र रु दुई अर्ब ९४ करोड ८१ लाख ६८ हजार मूल्यको फलफूल आयात भएको कार्यालयको तथ्याङ्कले देखाएको छ । भारतबाट आयातित तरकारीका कारण स्वदेशमा किसानले उत्पादन गर्दै आएको तरकारी बाली बजारमा बिक्री नभएको मेचीनगरको महालक्ष्मी कृषि सहकारी संस्थाको संस्थापक अध्यक्ष दुर्गा खतिवडाले गुनासो गर्नुभएको छ । उनका अनुसार संस्थाले जग्गा भाडामा लिएर सञ्चालन गरेको कृषि फार्ममा उत्पादन भएको भिन्डीले उचित बजारभाउ नपाएपछि घाटा सहेर अतिकम मूल्यमा बिचौलियालाई बेच्नुपरेको बताए । इलाम नगरपालिकावडा नं १२ की तुलसा रायाले यही वर्ष बारीमा फलेका करिब एक ट्रक फर्सी नबिकेपछि गाईवस्तुलाई खोले खुवाएको बताए । 'बारीमा फलेका फर्सी, इस्कुस, बिहीजस्ता तरकारी बिक्री हुँदैनन्', रायाले भने, 'त्यसै कुहिएर खेर जान दिनुभन्दा गाईवस्तुलाई खुवाउनु राम्रो हुन्छ जस्तो लाग्यो ।' -हाम्राकुरा डटकम

# भगवती रथयात्राको ऐतिहासिक महत्व झल्काउनुपर्नेमा जोड

कृष्ण पोखरेल

**पाल्पा,** साउन १३/विजय उत्सवको रुपमा लिइने भगवती रथयात्राको ऐतिहासिक महत्व झल्काउनुपर्नेमा एक कार्यक्रमका सहभागीहरुले जोड दिएका छन् । भगवती रथयात्रा नेपालको राष्ट्रियता, विरता, ऐतिहासिकता, रणकौशलतासँग जोडिएको विषयवस्तु भएकाले स्पष्ट धारणा बनाएर आउँदो भदौ २१ गते रथयात्रा सञ्चालन हुनुपर्नेमा सहभागीहरुले जोड दिएका हुन् ।

भदौ २१ गते हुने रणउजिरेश्वरी भगवती विजय उत्सव रथयात्राको ऐतिहासिक महत्व व्यबस्थापन लगायतका विषयमा केन्द्रीत रहेर भएको बहस, छलफल तथा अन्तर्क्रियाका सहभागीहरुले भगवती रथयात्राको ऐतिहासिक महत्व झल्काउनुपर्नेमा जोड दिएका थिए । भगवती रथयात्रा गुठी व्यबस्थापन समितिसँग मात्र नभई तानसेन नगरपालिका, जिल्ला प्रशासन, नेपाली सेना, नेपाल प्रहरीसँग पनि जोडिएको विषय भएकाले हरेक गतिविधी पारदर्शी हुनुपर्ने, सबैपक्षसँग राय सुझाव लिई समन्वयमा काम गर्नुपर्नेमा सहभागीहरुले जोड दिएका छन् । विगतमा हचुवाको भरमा इतिहासलाई समेत बिगार्ने गरी २ सय बर्ष गाठको रथयात्रा मनाएको भए पनि विज्ञ, इतिहास तथ्य, सत्यको आधारमा सुधार गरेर जानुपर्नेमा सहभागीहरुले सुझाव दिएका छन् । विगतमा अतिक्रममा परेका भगवती गुठीको जग्गा संरक्षण गर्नुपर्ने, भगवती रथयात्रा विजयउत्सव होकी, धार्मिक हो स्पष्ट भई सञ्चालन गर्नुपर्ने, आम्दानी खर्च नियमित रुपमा सार्वजनिक गर्नुपर्ने, रथयात्राको समयमा भएका आम्दानी खर्चलाई व्यस्थित गर्नुपर्ने, तानसेन नगरपालिका सहित बुटवल उपमहानगरपालिका, तिनाउ गाउँपालिकासँग पनि सहकार्य गरेर काम गर्नुपर्ने सुझाव गुठी व्यबस्थापन समितिलाई दिएका छन् । पाल्पा साहित्य समाज र पाल्पा सम्पदा प्रतिष्ठानले संयुक्त रुपमा आयोजना गरेको महिषासुर मर्दिनी



भगवतीको रथयात्रा : ऐतिहासिक महत्व र व्यबस्थापन विषयमा समाजका अध्यक्ष पुष्करराज रेग्मीले अवधारणपत्र प्रस्तुत गरेका थिए । अध्यक्ष रेग्मीले भगवतीको महिमा, नेपाल अंग्रेजयुद्धसँग जोडिएको अवस्था, राष्ट्रियताको सवाल, ऐतिहासिक पक्ष, विभिन्न किसिमका लेख रचना, पत्रपत्रिकामा छापिएका लेख रचना, जनमासमा उठेका सवाल जिज्ञासा तथा सुझावको बारेमा अवधारणपत्र प्रस्तुत गरेका थिए । अवधारणपत्र माथि संस्कृतीकर्मी निर्मल श्रेष्ठले इतिहासलाई कसैले पनि बङ्गाउन, तोडमोड गर्न नहुने बताए । इतिहासलाई राम्ररी अध्ययन गरेर गुठी व्यबस्थापन समितिले काम गर्नु पर्ने, भगवती रथयात्रा नभई पाल्पामा मनाइने भगवती खटयात्रा रहेको संस्कृतिकर्मी श्रेष्ठको भनाइ छ । भगवतीजात्राको महत्वको विषयमा मन्दिरको हरेक कुना काप्चा देखी, पुस्तक पर्चा पम्पलेट देखी सबैलाई जानकारी हुने गरी काम गर्नुपर्नेमा संस्कृतीकर्मी श्रेष्ठले जोड दिए । कार्यक्रममा तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले तानसेन सांस्कृतिक नगरपालिका भएकाले नगरभित्रको भेष भुषा, क्ला संस्कृति, रहन सहन,इतिहास संरक्षणको लागि पैसाको कमी हुन नदिने बताए । हरेक कार्यक्रमको लागि काम प्रस्ताव लिएर आउन सबैपक्षलाई नगर प्रमुख श्रेष्ठले जोड दिए । भगवती रथयात्रा तासेनको मात्र नभई राष्ट्रिय पर्व भएकाले यसको महत्व सबैलाई बुझाउन सबैपक्ष लाग्नु पर्नेमा नगर प्रमुख श्रेष्ठले अनुरोध गरे । भगवती गुठी व्यबस्थापन समितिका अध्यक्ष अशोकमान महर्जनले निस्वार्थ भावले आफु काम गर्न आएको बताए । उनले भने,'पहिलो चरणमा भदौ २१ को भगवती रथयात्रालाई लक्षित गरेर समितिले काम गर्ने छ, जग्गाको खोजविन गर्ने छ, हिसाव किताव सार्वजनिक गर्ने छ, आगामी बर्ष देखी जात्रा सञ्चालन गर्न आफ्नै कोष व्यवस्थापन गरिने छ ।' कार्यक्रममा शिक्षाविद बुद्धिप्रसाद शर्मा, पत्रकार महासंघका पूर्व अध्यक्ष गोविन्द भट्टराई, तानसेन भजन संरक्षण समितिका अध्यक्ष मंगल प्रसाद बज्राचार्य, पत्रकार महासंघका कोषाध्यक्ष मुक्ति न्यौपाने, पप नमुना माविका प्रधानाध्यापक विष्णु बराल लगायतले सुझाव दिएका थिए । कार्यक्रममा पाल्पा साहित्य समाजले भगवती मन्दिरका मुल पुजारी हिक्मत बहादुर बज्राचार्य, भजन संरक्षण समितिका अध्यक्ष मंगल प्रसाद बज्राचार्य, भजन खलका अध्यक्ष ज्ञान कुमार बज्राचार्यलाई सम्मान समेत गरेको छ । समाजले मरणोपरान्त भजनमा क्रियासिल चन्द्रशेखर बज्राचार्य, सन्त प्रसाद बज्राचार्य, मंगलनारायण मानन्धर, तिलकमान बज्राचार्य, ब्रम्हशेखर बज्राचार्य, कर्था गायक बसपार्क गन्धव समितिलाई सम्मान गरेको छ । प्रतिष्ठानका अध्यक्ष रामजी ढुङ्गानाको स्वागत, समाजकी सचिव सविता भट्टराईको सञ्चालन, प्रतिष्ठानका संरक्षक राजेन्द्रगोपल सिंहको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

# आज मानव बेचबिखनविरुद्धको दिवस मनाइँदै

पाल्पा, साउन १३/ मानव बेचबिखनविरुद्धको अन्तर्राष्ट्रिय दिवस आज विभिन्न चेतनामुलक कार्यक्रमको आयोजना गरी मनाइदैछ । 'हरेक पीडितसँग पुगौं, कसैलाई न्यायबाट बञ्चित नपारौं' भन्ने नारासहित यस वर्षको दिवस मनाउन लागिएको हो ।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने उद्देश्यका साथ २०६३ सालदेखि नेपालले सो दिवस मनाउन थालेको छ । सन् २००२ मा सम्पन्न सार्कको ११ औं शिखर सम्मेलनबाट पारित यौन शोषणको लागि महिला तथा बालबालिका बेचबिखन विरुद्धको सार्क महासन्धिलाई २०६३ भदौ २० गते संसदले अनुमोदन गरेपछि सोहि दिनको सम्झनामा यो दिवस मनाउन शुरु गरिएको हो । मानव बेचबिखन तथा ओसारपसार सम्बनधी ऐन, नियमावली बनेको छ तर, उक्त ऐन तथा नियमावलीको उचित कार्यान्वयन नुहँदा मानव बेचबिखन विरुद्धको काम पूर्ण रुपमा सफल हुन सकेको छैन् । महिला बेचबिखन हुन नदिन तथा बेचबिखनमा परेको चेलीलाई उद्दार गर्न सरकारले पुन:स्थापना केन्द्रहरु समेत स्थापना गरेको छ । नेपालबाट बर्षेनी हजारौ युवायुवती रोजगार तथा अन्य बहानामा खाडी तथा भारतीय भूमिमा बेचबिखनमा पर्दै आएका छन् । मानव बेचबिखन एक जघन्य सामाजिक अपराध भएको भन्दै यसको रोकथामका लागि सरकार प्रयासरत रहेको जनाएको छ तर उल्लेखीय रुपमा सफलता भने पाउन सकिरहेको छैन् । आज सरकार र माइती नेपाल लगायतका महिला बेचबिखन विरुद्ध अभियान सञ्चालन गरिरहेका सामाजिक संस्थाहरुले बेचिएका चेलीबेटीको उद्दार, बेचबिखनबाट जोगाउन चाल्नुपर्ने कदम लगायतका विषयमा चेतनामुलक कार्यक्रम गरी दिवस मनाउँदै छन् ।

# वार्षिक कार्ययोजना...

...बैंठकमा युनियनका सह-सचिव इमानसिं राना गोरखापत्रको रामपुर संवाददाता र युनियनका पूर्व केन्द्रीय पार्षद् दुर्गेश मल्ल जिल्ला खेलकूद विकास समिति पाल्पाको सदस्यमा नियुक्त भएकोमा हार्दिक तथा शुभकामना समेत व्यक्त गरिएको छ । युनियनकी अध्यक्ष मन गहिरेको अध्यक्षता, सचिव विष्णुप्रसाद घिमिरेको सञ्चालनमा बैंठक बसेको थियो ।

खेलकुद समाचार

## त्रिभुवन आर्मीको टोली फुटबल खेल्न भारततर्फ



काठमाडौं, साउन १३/नेपाली सेनाको त्रिभुवन आर्मी क्लबको टोली फुटबल खेल्न भारत प्रस्थान गरेको छ । त्रिभुवन आर्मी क्लबको ४२ सदस्सीय टोली भारतको असम राज्यको गुवाहाटीमा आयोजित दुरान्द कप फुटबल प्रतियोगितामा भाग लिन त्यसतर्फ गएको हो ।

फुटबलका पूर्वराष्ट्रिय खेलाडी एवं नेपाली सेनाका अवकाश प्राप्त प्रमुख सेनानी वसन्तराज गुरुङ नेतृत्वको टोली भारतीय वायु सेनाको विमानमार्फत शनिबार त्यसतर्फ प्रस्थान गरेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । भारतीय सेनाले आयोजना गरेको उक्त प्रतियोगिता यही साउन १७ गतेसम्म चल्ने छ । उक्त प्रतियोगितामा सहभागी हुने टोलीलाई नेपाली सेनाका बलाधिकृत रथी सरोजप्रताप राणाले शुक्रबार बिदाइ गरेका थिए । प्रतियोगितामा त्रिभुवन आर्मी क्लबले भारतका दिल्ली एफसी, चेन्नाई एफसी र हैदरवाद एफसीजस्ता ए बरियताका फुटबल टोलीसँग प्रतिस्पर्धा गर्नेछ । त्रिभुवन आर्मी क्लब मुलुकको खेलकुद क्षेत्रको च्याम्पियन टोली हो । प्रतिभाशाली खेलाडी पहिचान गरी देशको खेलकुद क्षेत्रको विकासका लागि क्लबले महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । प्रतियोगितामा भाग लिने टोलीलाई सेनाले उच्च अनुशासन कायम गरी उत्कृष्ट खेल प्रदर्शन गर्न निर्देशन दिएको छ । प्रतियोगितामा प्राप्त अनुभवबाट आगामी दिनमा सञ्चालन हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताको तयारीका लागि मद्दत पुग्नेछ । यस्ता प्रतियोगिताले दुई देशबीचको सम्बन्ध प्रगाढ तुल्याउन तथा दुवै सङ्गठनबीच मित्रता र सहकार्यलाई नयाँ उचाइमा पुऱ्याउन योगदान पुग्ने सेनाले विश्वास लिएको छ ।-**रासस**


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

यस कम्पनीको साविक नाम **ग्रिष्मा इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन** द.नं. १९६२१४/०७५/०७६ को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री **कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०४/०९** गतेको निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **ग्रिष्मा इन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स** कायम गरिएको व्यहोरा जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वर्गिकृत डिस्प्ले**

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

## तीन सय २२ उद्योग दर्ता



**काठमडौं,** साउन १३/ गत आर्थिक वर्ष २०७९/८० मा उद्योग विभागमा तीन सय २२ उद्योग दर्ता भएका छन् । विभागले सार्वजनिक गरेको गत आवको प्रगति विवरणअनुसार स्वदेशी र विदेशीसमेत गरी तीन सय २२ उद्योग दर्ता भएका हुन् ।

गत आवमा विभागमा दर्ता भएका उद्योगले प्रस्ताव गरेको कूल लगानी दुई खर्ब १४ अर्ब बराबर रहेको छ । ती उद्योगहरुबाट प्रस्तावित रोजगारीको संख्या २३ हजार तीन सय २४ रहेको विभागले जनाएको छ । दर्ता भएकामध्ये ठूला उद्योग ६६, मझौला ७० र साना एक सय ८६ रहेका छन् । औद्योगिक व्यवसाय ऐन, २०७६ ले ५० करोडभन्दा बढीस्थिर पूँजी भएका उद्योगलाई ठूला, १५ करोड देखि ५० करोडसम्म मझौला र लघु तथा घरेलु उद्योग बाहेक १५ करोडसम्मको स्थिर पूँजी भएकालाई साना उद्योगका रुपमा वर्गीकरण गरेको छ । उद्योग विभागमा गत वर्ष पाँच प्याटेन्ट र १८ डिजाइन दर्ता भएका छन् । त्यस्तै गत आवमा दर्ता भएका ट्रेडमार्कको संख्या तीन हजार दुई सय ५४ रहेको छ । पछिल्लो एक वर्षको अवधिमा ट्रेडमार्कसम्बन्धी मुद्दामा एक सय ५० कम्पनीलाई कारबाही गरिएको विभागले जनाएको छ ।

विभागबाट प्रारम्भिक वातावरणीय परीक्षण (आइई) स्वीकृति लिनेको सङ्ख्या ८२ छ । सोही अवधिमा चार सय चार उद्योगले निर्यातमा नगद अनुदान लिनका लागि विभागबाट मूल्य अभिवृद्धि (भ्यालु एडिसन) प्रमाणित गराएका छन् भने भारत निर्यातका लागि उत्पत्तिको प्रमाणपत्र (सर्टिफिकेट अफ ओरिजिन) सिफारिस भएका ९८ छन् । गत आवमा उद्योग विभागबाट स्वीकृत भएका विदेशी लगानीको संख्या तीन सय २७ छन् । उक्त उद्योगबाट कूल ३३ अर्ब १४ करोड बराबरको विदेशी लगानी प्रस्ताव आएको विभागले जनाएको छ । **-रासस**


**शिक्षक आवश्यकता**

**प्रकाशित मिति : २०८०/०४/१२**

उपरोक्त सम्बन्धमा यस विद्यालयमा मिति २०८०/०४/१२ गते बसेको विद्यालय व्यवस्थापन समितिको बैठकको नि.नं.१ अनुसार यस विद्यालयमा रिक्त हुन गएको दरबन्दी सङ्ख्या १ (एक) शिक्षक पद परिपूर्ती गर्नका लागि इच्छुक नेपाली नागरिकलाई तपशिलमा उल्लेखित भएको चाहिने अति आवश्यक कागजातहरु एवं हस्तलिखित पत्र सहित दरखास्त पेश गर्नका लागि यसै विज्ञापनद्वारा सबैलाई आह्वान गराईन्छ ।

**तपशिल :**

**विज्ञापन नं.** ०१/२०८०/०८१, **पद संख्या :** १ जना, **पद :** शिक्षक

**तह :** प्रा.वि., **दरबन्दीको प्रकार :** करार,

**शैक्षिक योग्यता :** +2 वा सो सरह ।

**उमेर :** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

**तलब स्केल :** दर प्रचलित नियमानुसार, **दरखास्त दस्तुर :** रु. ७००/-

**दरखास्त दिने अन्तिम मिति :** २०८०/०४/२६ गते सम्म,

**सम्पर्क मिति :** २०८०/०४/२६ गते (दिउँसो ३ बजे भित्रमा)

**दरखास्त दिने स्थान र समय :** दिउसो १ बजे सम्म ।

**परीक्षा हुने मिति र स्थान :** सम्पर्क मितिमा तोकिनेछ ।

**परीक्षाको किसिम :** लिखित र अन्तरवार्ता ।

**आवश्यक कागजातहरू :** शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु, अध्यापन अनुमति प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र करार सूचिका उम्मेद्वारले करार सूचिको समेत प्रतिलिपि २/२ प्रति ।

**सम्पर्क नं. :** ९८४४७२३९३४, ९८६७२०३९५५, ९८७८२८५९३

**श्री कुण्डली प्राथमिक विद्यालय**

तिनाउ-६, जन्तीलुङ्ग, पाल्पा

मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई